# खडक नगरपालिकाको
# १५ औं नगरसभाको बैठक

## आ.व. २०८१/०८२ को
## नीति तथा कार्यक्रम

खडक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

कल्याणपुर, सप्तरी, मधेश प्रदेश

खडक नगरपालिकाको गरिमामय १५ औं नगरसभामा उपस्थित नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य तथा आमन्त्रित महानुभाव खडक नगरपालिकाको १५ औं नगरसभाको पहिलो बैठकलाई नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु।

नेपालको इतिहासका धैरै अप्ठयारा एंव विषम परिस्थिति पार गर्दै आजको अवस्थासम्म आइपुगेको र अनेकौ कठिन मोडहरुमा पनि राष्ट्रिय एकता सार्वभौमिकता र स्वाधिन्ताको झण्डा फहराउँदै वीर अग्रजहरुबाट आजको पुस्तासम्म राष्ट्र निर्माणको अभिभारा हस्तान्तरित हुँदै आएको छ। यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धिको लागि सुरुदेखि हालसम्म भएका राजनीतिक क्रान्ति, महान जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलन, विभिन्न जातिय-वर्गिय लगायतका आन्दोलन र बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्ती र समाजवाद उन्मुख नेपाली समाज निर्माणको लागि अगाडी बढदै गर्दा वेपत्ता भएका योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दै घाइते अपाङ्गहरु योद्धाहरुमा स्वास्थ्यलाभको कामना गर्दछु। साथै यहाँ सभामा उपस्थित सम्पूर्ण सभाका सदस्यहरुलाई म स्वागत गर्दे अभिवादन गर्दछु।

सम्पूर्ण न्यायप्रेमी खडक नगरवासी, जनप्रतिनीधि, बुद्धिजिवि, कर्मचारीहरुको म प्रतिको आशा, विश्वास, साथ, सहयोग र भरोसाको फलस्वरुप खडक नगरपालिकाको विकास निर्माण, आर्थिक समृद्धि तथा सामाजिक विकास लगातका विविध क्षेत्रमा छोटो अवधिमा आमुल परिवर्तन ल्याउन प्रयास गरेको छु । ती मध्ये केही यस प्रकार रहेका छन् ।

**चालु आ.व.को विशेष उपलब्धीहरु:**

- सुकुम्बासी, दलित, भुमिहीनहरुलाई जग्गा वितरणको लागि कार्यालय स्थापना तथा जग्गा स्वामित्वको निस्सा प्रदान गरेको छु ।
- सुकुम्वासीहरुलाई लालपुर्जा वितरण गरियो ।
- भुमिहिन दलित भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुलाई सेतो लालपुर्जा(जग्गाको निस्सा) वितरण गरियो।
- कृषि मिटर अनुदान कार्यक्रम कार्यान्वयन भएको छ ।
- अपेक्षाकृत रुपमा पूर्वाधार विकास कार्यले गति लिई सुविधा युक्त सडकहरु निर्माण भएको छ ।
- ऐलानी पर्ति जग्गाहरुको संरक्षण भएको छ ।
- शिक्षण सिकाई क्रियाकलापलाई गुणस्तरयुक्त वनाउन पहल गरिएको छ ।
- ५ वटा गाउँलाई सरसफाई युक्त नमुना गाउँ घोषणा गरियो ।
- वालविवाह मुक्त नगर घोषणा गरियो ।
- ३ वटा सामुदायिक विद्यालयहरुलाई कक्षा ७ सम्म अपग्रेड गरियो ।
- १० वटा विद्यालयहरुलाई ईङ्गलिस माध्यमवाट अध्यण अध्यापण शुरु गरियो ।
- प्रदेशवाट प्राप्त विशेष सेवा भएको ल्याव संचालन गरियो ।
- जिल्ला स्तरीय रनिङ्ग शिल्ड प्रतियोगिताम लागातार दोश्रो पटक प्रथम स्थान हासिल गर्न सफल भयौं।

- फोहोर मैला र दिशाजन्य लेदो व्यवस्थापन गर्न १ विगहा क्षेत्रफलमा ट्रेन्च निर्माण गरेको छुजुन मधेश प्रदेशमैं प्रथम ट्रेन्च निर्माण कार्य हो।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई व्यवस्थित गर्दै शिक्षासँग जोडी ४३ जना श्रमिक शिक्षक नियुक्त गरी विद्यालयहरुमा शिक्षकको कारण विद्यार्थीमा पर्न गएको प्रभाव केही हद सम्म न्यूनिकरण गर्ने प्रयास गरेको छ।
- विद्यालयहरुमा कमी रहेको शिक्षकको माग बमोजिम स्वंमसेवक शिक्षकको व्यवस्थापन गर्ने प्रयास गरेको छु ।
- निःशुल्क रुपमा गर्भवती महिलाहरुको भिडियो एक्सरे सेवाको सञ्चालन गरेको छु ।
- प्रदेशस्तरीय ल्याव सेवाको व्यवस्थापन ।
- वडा न.. ९ मा बर्थिङ्ग सेन्टरको सञ्चालन भएको छ ।
- ३ वटा प्रा.वि. विद्यालयको अपग्रेडिङ्ग गरी कक्षा ६ सञ्चालन भएको छ ।
- ११ वटा विद्यालयमा २ कोठे र ४ कोठे भवन निर्माण भएको छ ।
- क्याम्पस सञ्चालन अनुमतीको लागि प्रक्रिया अगाडी भै सकेको र छिटै क्याम्पस संचालनमा आउने विश्वास दिलाउन चाहन्छु ।
- PHC मा प्रभावकारी सेवा सुचारु ।
- प्रति महिना १ अंकमा झरेको सुत्केरी सेवा ३ अंकमा वृद्धि भएको छ ।
- खडक नगरपालिकाको आवधिक योजनाको प्रारम्भिक प्रतिवेदन प्राप्त भए भइ अन्तिम चरणमा रहेको छ ।
- नगरको आफ्नो वडा भवनबाट सेवा प्रवाहको व्यवस्था मिलाउन वडा कार्यालयहरु निर्माण भईरहेका छन् ।
- प्रति वर्ष ८० लाखको औषधी खरिद गर्दा पनि नपुगेको अवस्थामा २० लाखको औषधी टेन्डर गरी औषधी समस्या समाधान भएको ।
- नगरले खेलकुदमा लगानी गर्दा त्यसको प्रतिफल खडक नगरका खेलाडीहरु जिल्लास्तरीय रनिङ्ग शिल्ड प्रतियोगीतामा विजयी हासिल गर्न सफल भएको छ ।
- खडक ७ मा कोल्ड स्टोर निर्माणको लागि संघ सरकारबाट बजेट ल्याउन सफल भएको ।
- खडक नगरपालिकालाई आत्मनिर्भर बनाउन ब्लक ईँटा र टायल उद्योग सञ्चालन गरेको छु ।
- कृषिलाई आधुनिकिरण र सहज मल ब्यवस्थापनका लागि प्राङ्गागरिक मल उद्योग संचालनको तयारी गरेको छु ।
- चुरे संरक्षणको लागि खडक नगरपालिका वार्ड नं. ७ मा २० हेक्टर जग्गामा नर्सरी निर्माण गरेको छु ।
- चुरे क्षेत्रको खडक नगरपालिका वार्ड नं. ३, ४, ५, ६ र ७ मा जलाशय निर्माण गरेको छु ।

माथि उललेखित कार्यका अलावा अन्य विभिन्न योजना, कार्यक्रम, तथा नीतिगत विषयमा भएका कार्यहरुको सभाले अनुमोदन गर्ने छ। साथै कार्यालयबाट नियमानुसार भएका निर्णयहरुको समेत अनुमोदन हुनेछ भन्ने म पूर्ण विश्वस्त रहँदै आज खडक नगरपालिकाको १५ औं नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु।

सभाका सदस्य ज्यूहरु,

आर्थिक वर्ष २०८१/०८२ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान, समानीकरण अनुदान, राजस्व बाँडफाड, समपुरक अनुदान र विशेष अनुदान तथा आन्तरीक आयलाई मुख्य श्रोत मानि बजेट तर्जुमा गरि नगरपालिका क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरु यस नीति तथा कार्यक्रमका आधारमा सञ्चालन हुनेछन्। आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा निम्नलिखित विषय वस्तुहरुलाई आधार मानी तयार गरिएको छ ।

➢ **अवलम्वनका आधारहरुः**

वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दा अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्न छन् ।

- संघीय गणतन्त्र नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सुचिकृत विषयहरु।
- स्थानीय तह सम्बन्धी जारी ऐन, नियमावली, कार्यविधि, दिग्दर्शन, परिपत्र लगायत कानुनी व्यवस्थाहरु ।
- राजश्व परार्मश समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति , वजेट तथा कार्यक्रम तर्जुमा समिति बाट प्राप्त राय सुझावहरु ।
- वडा, वस्ती स्तरमा भएका छलफलका सुझावहरु एवम् विभित्र माध्यमबाट संकलन भएका सुझावहरु ।
- विषयगत कार्यालय र निकायबाट प्राप्त राय सुझावहरु ।
- नगरसंग सम्बन्धित विषयगत विभित्र क्षेत्र बुद्धिजीवी , विज्ञ, नागरिक अगुवाहरु संगको परामर्श प्राप्त राय एवम् सुझावहरु ।

स्थानीय सरकारको प्रमुखका हैसियतले खडक नगरवासीहरुका तमाम आशा,अपेक्षा, चाहाना, आकांक्षा,माग र भावनालाई सम्बोधन गर्न नगरको एकीकृत विकासका लागि आगामी आ.व. २०८०/८१ मा अवलम्बन गरिने नीतिहरु प्रस्तुतिका लागि अनुमति चाहन्छु ।

## खण्ड-१

### १. प्रारम्भ

नेपालको संविधान र संघीय शासन प्रणालीको तिन तहगत सरकारहरुमा खडक नगरपालिका स्थानीय सरकारको रुपमा रहेको छ। यस नगरपालिकामा २०७९ बैशाख ३० गते स्थानीय तहको दोस्रो चुनाव सम्पन्न भई कार्यभार ग्रहण गरेको दुई वर्ष पूरा भएको छ। लोकतान्त्रिक अभ्यास र आफ्ना प्रतिनिधि मार्फत जनचाहना अनुरुपका कार्यहरु सुरु भएको छ। यसकार्यहरुमा प्रत्यक्ष/परोक्ष रुपमा सहयोग गर्नुहुने सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु।

### २. परिचय

हाम्रो देशनेपालको मधेश प्रदेश, ससरी जिल्लाको एक मात्र ऐतिहासिक नगरी साविकको गा.वि.स. कल्याणपुर, धनगढी ९, खोजपुर, बनरझुल्ला, पंसेरा, मैन्हासहश्रवाहु, ईनरुवा फुलबडीया आ सिस्वावेल्ही मिलेर बनेको खडक नगरपालिका नेपालको चिरपरिचित नदीहरु मध्ये खडक नदीको नामले नामाकरण भएको हो। जम्मा ११ बटा वडा रहेको यो नगरपालिकाको स्थापना वि.स. २०७३ सालमा भएको हो । यस नगरपालिकाको कुल क्षेत्रफल ९६.७८ वर्ग कि.मि. छ । नेपालको पूर्व पश्चिम मुख्य राजमार्गमा रहेको नगरपालिकाको केन्द्र कल्याणपुर बजारमा छ । आफैमा एक ऐतिहासिक पुरातात्विक महत्व बोकेको यो नगरपालिका ससरी जिल्ला सदरमुकाम

राजविराजबाट २० किलोमिटर उत्तर पश्चिममा, चुरे जंगलकोकोखमा रहेको नगरपालिका जहाँ बहु धार्मिक,बहु सांस्कृतिक,बहुजाति र बहुभाषिक समुदायको बसोबास रहेको छ।

**३. अवसर**

स्थानीय सरकार सञ्चालन भएपछि यहाँ सम्पन्न २ बटा निर्वाचनले सबै स्थानीय नागरिकलाई उत्साहित बनाएको छ। यहाँ स्थानीय सरकार सञ्चालनपछि विकास निर्माणका कार्यहरु तिव्र गतिमा भईरहेको छ। विभिन्न संभावनाहरु बोकेको छ। तथापी आगामी दिनमा यस नगरपालिका भित्रका विकास निर्माणको साथै स्थानीय बासिन्दाको वृत्ति विकास, रोजगार, आयमुलक, सिपमुलक एंव पूर्वाधार तथा दिगो विकासका कार्यक्रमहरु सञ्चालनमा यस नगरको उद्देश्य र कार्ययोजनामा राजनीतिक दल, संघ, संस्था, स्थानीय बासिन्दा समेत सबै क्षेत्र र वर्गको सहभागीता निःस्वार्थ ढंगले रहेकाले पूर्ण रुपमा सफलता प्राप्त हुने अवस्था छ।

**४ चुनौती**

यस नगरपालिकाबाट हाल सम्म विविध कारणले सम्पन्न गर्न र विगतमा कार्यायोजनामा समावेस गर्न छुट भएका आवश्यकताहरुलाई आगामी दिनमा कार्यान्वयनमा ल्याउन हामीले विभिन्न क्षेत्रमा आवश्यकता र औचित्यता पहिचान सहित भू-उपयोग नीति, वातावरण मैत्री स्थानीय शासन, राष्ट्रिय तथा स्थानिय शासन, राष्ट्रिय तथा स्थानिय भवन आचार संहिता, खुल्ला क्षेत्र घोषणा, सडक मापदण्ड निर्धारण कार्यान्वयन, सडक बत्ति व्यवस्थापन, राजश्व परिचालन, नगरपालिका गुरु योजना, सर्वसाधारणको इन्टरनेट पहुँच सामाजिक सुरक्षामा सहजता, भ्रष्टाचार शुन्य सहनशील नगरपालिका घोषणा, सामुदायिक स्वास्थ्य क्लीनिक, छाडा पशु चौपाय नियन्त्रण व्यवस्थापन, सार्वजनिक पार्क निर्माण, सार्वजनिक जग्गा संरक्षण, लैङ्गिक मैत्री र फरक क्षमता भएका व्यक्ति मैत्री कार्यक्रम, कृषि विधुतीकरण, विषादि रहित कृषि एवं हरित क्षेत्र कार्यक्रम, सरसफाई कार्यक्रम, होमस्टे कार्यक्रम संचालन, ऐतिहासिक स्थलको संरक्षण, सडक सुधार र संरक्षण, पर्यटन विकास लगायतका कार्यक्रमहरु सम्पन्न गर्नु पर्ने दायित्व एवं जिम्मेवारी यस नगरपालिकामा आएको छ । यस क्षेत्र भित्रको सार्वजनिक पर्ति जग्गा संरक्षण, सार्वजनिक पोखरी, जलासय संरक्षण– संवद्र्धन, आन्तरिक बजारीकरण व्यवस्था, आर्थिक आय आर्जनका विविध कार्यक्रम, आन्तरिक आय व्यवस्थापन सहित समयानुकुल परिमार्जित कर दस्तुरको व्यवस्थापन, पुरातात्विक सम्पदा, चुरे संरक्षण मार्फत प्राकृतिक सौन्दर्यता र पर्यटन विकास, सक्षम एवं सवल खडक नगरपालिका बनाउने, संघ र प्रदेशसँग समन्वय, सहकार्यको साथै अधिकतम आवश्यकतालाई न्यूनतम श्रोत साधनवाट सम्बोधन गर्नु पर्ने आवस्था हाम्रो लागि चुनौती बनेको छ ।

## खण्ड-२

खडक नगरपालिकालाई व्यवस्थित र समृद्ध नगरपालिका बनाउन आवश्यक ऐन,नियम,नीति,कार्यक्रम समेत उपयुक्त कार्यन्वयन लागि निम्न अनुसार नीति, कार्यक्रम पेश गरिएको छ ।

**१. परिकल्पनाः**

"खडक नगरपालिकाको अभियान समाजवाद उन्मुख आधार निर्माण÷÷

## २. सोचः

खडक नगरपालिका वासीहरुको आधारभुत आवश्यक्ता पुरा गर्दै विशिष्ट पहिचान सहितको सक्षम एवं सवल र समाजवाद उन्मुख समाज निर्माणको बाटो अबलम्बन गर्न आत्मनिर्भरता आधारित नगर बनाउने मुख्य सोच रहेको छ ।

## ३. लक्ष्यः

विभिन्न औद्योगिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक, समाजिक महत्वका क्षेत्रहरु रहेको खडक नगरपालिकाको प्राकृतिक सौन्दर्यताको बहुउपयोग सहित पूर्वाधारको विकास, कृषिमा आधुनिककरण र नागरिक शसक्तिकरण गर्दै सक्षम एवं सवल बनाउने लक्ष्यका साथ नगरलाई भौतिक,आर्थिक,समाजिक,शैक्षिक,धार्मिक तथा सांस्कृतिक दृष्टिले समुन्नत, आत्मनिर्भर एवं बनाउने लक्ष्य राखिएको छ ।

## ४. उद्देश्यः

स्थानीय सरकारको रुपमा निर्वाचित सक्षम र दुर दृष्टीपूर्ण नेतृत्वमा सरकारी, गैरसरकारी निजी क्षेत्र सहितको समन्वय र सहभागिता उपलब्ध स्रोत साधनहरुको समुचित परिचालन गरिनेछ । आर्थिक तथा समाजिक असमानता हटाउन सुसाशन एवं पारदर्शीता कायम गरी समावेशी समानुपातिक विकास अवधारणामा नगरपालिकाको समग्र विकास लागि भौतिक पूर्वाधार समाजिक क्षेत्रमा लगानी बृद्धि गरिनेछ । लक्षित वर्गका लागि विशेष कार्यक्रमहरु मार्फत आर्थिक सामाजिक उन्नती र पहुँचमा बृद्धि गर्न गरिबी न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ । सुशासनको प्रत्याभुती सहित ऐतिहासिक कला ,सांस्कृती, सम्पदा तथा प्राकृतिक सौन्दर्यतायुक्त स्रोत साधनहरुको अधिकतम परिचालनका साथ सम्रग विकासद्वारा देशकै नमुना नगरपालिकाको रुपमा सवलीकरण गर्दै सक्षम र आत्मनिर्भर नगर बनाउने मुख्य उद्देशय हुनेछ ।

## खण्ड-३

## क्षेत्रगत सम्रग नीति तथा आधारहरु

यस खडक नगरपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि यस नगरपालिकाबाट निम्न अनुसार प्राथमिकताका आधारमा विषयगत क्षेत्रमा नीति तथा कार्यक्रम प्रस्तुत गरिएकोछ ।

### १. सामान्य प्रशासन नीति

- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक पर्ने उपयुक्त, तालीम, अध्ययन, अवलोकन गोष्ठी लगायत कार्यक्रमको लागि आवश्यकता अनुसार निजी तथा संस्थागत समन्वय बाट गरिने छ ।
- नगरपालिका बाट उपलब्ध गराईने सेवाग्राहीसंग सम्बन्धित सेवा सुविधालाई व्यवस्थित गर्नको लागी सहायता कक्षको व्यवस्था गरी दैनिक सेवा प्रवाहलाई सरल र सहज बनाईनेछ ।
- नगरपालिकाबाट उपलब्ध गराउने सार्वजनिक सेवा सुविधाहरु स्पष्ट हुने गरी जवाफदेहीता सहितको नागरिक वडापत्र कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु अहसाय, अपाङ्ग, बृद्ध एवम् दृष्टिबिहिनहरुकोलागी प्राथमिकता साथ एकद्वार प्रणलीबाट उपलब्ध गराईनेछ ।

- कर्मचारीहरुको कार्य सम्पादन तथा मूल्यांकन विधिलाई प्रभावकारी, बैज्ञानिक बनाई सचेतिकरण साथ दण्ड, पुरस्कार पद्धतीको आधारमा सेवामुखी एवं जवाफदेही बनाईनेछ ।
- नगरपालिका कर्मचारी कल्याण कोष परिचालन कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- मानव संसाधन विकास, संस्थागत विकास, क्षमता विकासलाई उच्च प्राथमिकतामा राखि नगरपालिका भित्र रहेका मानव संसाधनको रोष्टर तयार गरी आवश्यक्ता अनुसार परिचालन गरिनेछ ।
- नगरपालिकाको आन्तरिक शान्ति सुरक्षा, वडा कार्यालयहरुको सुरक्षा सवलिकरणका लागि नगरप्रहरीको व्यवस्था मिलाइनेछ।
- कर्मचारीहरुको सरुवा अन्तर वडा तथा पालिकामा आवश्यक्ता अनुसार गरिनेछ ।

<u>२. सेवा प्रवाह नीति</u>

- आम नगरवासीका लागी सहज र सुलभ सेवा प्रवाह गर्ने नीतिलाई निरन्तरता दिइनेछ । नगरवासीको घरदैलोमा सेवा पुऱ्याउन सेवा प्रवाहको विशेष रणनिति निर्माण गर्दै लगिनेछ ।
- आम नागरिकलाइृ सहज सेवा प्रवाह गर्न नगरपालिका , वडा कार्यलय तथा विषयगत कनर्यालयहरुले सेवाको प्रकृति र अवस्था अनुसार सेवा , कर्मचारी , कार्यदिन र कार्यक्षेत्रलाई आधार मानी समूहीकरण गर्दै सेवा प्रवाहको ढाँचा, विधि र प्रक्रियाको निर्धारण गर्ने नीति लिइनेछ ।
- सेवा प्रवाहका विधि र प्रकृयालाई अनलाइन प्रविधि आलोपालो विधि र टोकन पद्धतिसँग आवद्ध गर्दे लगिनेछ, प्रवाह गरिने सेवालाई अतिआवश्यक, विशेष र समान्यगरी वर्गीकरण गरिनुका साथै सोही अनुरुप सेवास्तर निर्धारण गर्दे कार्यकक्ष, जनशक्ति र सेवा प्रवाहको विधि निर्धारण गर्ने नीति लिने छ।
- नगर कार्यालय र वडा कार्यालयलाई पूर्ण डिजिटाइजेसन गराउन अफिस अटोमेसन तयार गरी कार्यान्वयनमा ल्याईने छ।
- सेवाग्राही नगरवासीलाई सरल र सुलभ तरिकाले सेवा प्रदान गर्ने र जनगुनासो सुन्न मेयरसँग नगरवासीकार्यक्रम ल्याई प्राप्त जनगुनासो सम्बोधन गर्ने व्यवस्था मिलाइने छ।

<u>३. कृषि तथा पशुपन्छी विकास सम्वन्धि नीति</u>

- कृषि क्षेत्रमा आधुनिकरणका लागि कृषि विद्युतिय सिंचाई प्रणालीको आधुनिकरण नीतिलाई अवलम्वन गरिदै लगिनेछ साथै आवश्यकता अनुसार डिप बोरिङ निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- कृषि उत्पादनलाई आधुनिकरण गर्न उन्नत जातका विउ-बिजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समुहहरुलाई लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नै नीति लिईनेछ ।
- कृषिमा युवाहरुको आर्कषण वढाई स्वरोजगारको विकास एवम आय आर्जनका लागि नगरपालिकाको आन्तरिक माग र बजारमा उच्च माग हुने मौसमी तथा बेमौसमी तरकारी खेती सहित वालीनाली विकास गराउन औषधी छर्ने मेशिन औजार वितरण, समरसेल वितरण, लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।
- वैज्ञानिक कृषि प्रणाली स्थापनाको लागि संघ र प्रदेश सरकारसँगको समन्वयमा अन्य कार्यक्रम, योजनाहरु ल्याई कार्यान्वयन गरिनेछ ।

- ऐलानी पर्ती जग्गा एवम् सार्वजनिक कृषि योगग भुमीको संरक्षण गरी उच्चतम सदुपयोग गर्न नगरपालिकाबाट आवश्यक श्रोत साधन विनियोजन गरी नगरपालिकाको आय अभिवृद्धि गर्नुका साथै स्थानीय रोजगारीको प्रयाप्त अवसर जुटाउन सामुहिक खेती, व्यवसायिक खेती, आँप सुपरजोन कार्यक्रम संग तालमेल हुने खालका कार्यक्रमहरु ल्याइनेछ ।
- निशुल्क कृषि विद्युत कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- कृषि उपज संकलन तथा भण्डारण केन्द्र एवम् कृषि बजारीकरण सम्बन्धमा एकिकृत रणनीति तयार गरी कार्य गरिनेछ ।
- Organic मल (जैविक मल) को उत्पादन एवम् प्रयोगमा जोड दिईनेछ ।
- नगर स्तरीय कृषि विकास समिति गठन गरी आवश्यक अध्ययन गरिनेछ ।
- व्यवसायिक तथा सामुहिक रुपमा गरिने प्याज तथा लसुन खेतीलाई प्रोत्साहन गरिनेछ ।
- माटो परीक्षण गरी उर्वराभुमी एवम् उत्पादक क्षमता अनुसारका बाली लगाउन प्रोत्साहन गरिनेछ।
- नगरपालिका भित्र सार्वजनिक नीजि साझेदारी प्राणालीको अवलम्वन गर्दै व्यवसायिक कृषि कार्यक्रम, उत्पादन प्रवर्द्धन, रोजगारी सृजना जस्ता क्षेत्र विकास गर्ने नीति लिइनेछ।

## ४. शिक्षा सम्बन्धि नीति

- सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि, सुविधा सम्पन्न भौतिक पूर्वाधारवनाउने, पठनपाठनको गुणस्तरमा सुधार ल्याउने र शिक्षकहरुको भूमिकालाई प्रभावकारी वनाउने कार्य र एक विद्यालय एक बालउद्यानको अवधारणलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयहरुको आम्दानी र खर्चलाई पारदर्शी गर्न विद्यालयहरुको लेखा लेखांकन सफ्टवेयरलाई पूर्णरुपमा लागू गरी विद्यालयहरुको वित्तीय प्रतिवेदन चौमासिक रुपमा प्रकाशन गरिनेछ ।
- नेपाल सरकारवाट प्राप्त शिक्षा क्षेत्रको सर्शत अनुदानलाई  प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- संघीय तथा प्रदेश सरकारबाट शिक्षा विकास कार्यमा प्राप्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने नीति लिईनेछ ।
- शिक्षा विकासका लागि विद्यालयहरुका बीचमा शिक्षामा गुणस्तरीयता र पहुचमा समानता स्थापित गरी विभेदपूर्ण शिक्षा प्रणाली अन्त्य गर्न संघ, प्रदेश सँगको समन्वयमा कार्यक्रम संचालन गरिनेछ । नेपाल सरकारले बालबालिकाका लागि निः शुल्क खाजा कार्यक्रम उपलब्ध गराएको छ । यसलाई अझ बढी प्रभावकारी वनाउन गुणस्तर मापन गरेर मात्र खुवाउने व्यवस्था र अनुगमनलाई तिब्रता दिने व्यवस्था मिलाइनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालय बीचको भेदभावलाई अन्त्य गराई गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण निर्माण र स्थानिय पाठ्यक्रम अनुसारको शैक्षिक सामग्री निर्माण गरी दुइटै विद्यालयहरुमा लागु गर्ने व्यवस्था मिलाइने छ ।
- उच्च शिक्षा हाँसिल गर्न चाहने (प्राविधिक र अप्राविधिक) जेहनदार छात्रछात्राहरुलाई छात्रवृत्तिको व्यवस्था मिलाउनेछ ।

- विद्यालय समय बाहेक पनि विद्यार्थीहरुको सिकाई प्रभावकारीतालाई थप टेवा पुर्याउन एवम् शैक्षिक वातावरण युक्त गृह सिकाइ क्रियाकलाप सम्वन्धमा आवश्यक रणनीति एवम् कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्रविधिमैत्री विद्यालय स्थापनाका लागि विद्यालयहरुमा बायोमेट्रिक डिभाइस, सिसिटीभी क्यामरा, डिजिटल कक्षा व्यवस्थापन लगायत क्रियाकलापमा जोड दिईनेछ।
- विद्यालय शिक्षकहरुको शिक्षण सिकाइ शैलीलाई थप क्रियाशील एवम दक्षता अभिवृद्धिका लागि विज्ञहरुवाट क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- नगर भित्रका समान तहका विद्यालयहरुमा शिक्षण सिकाइ क्रियाकलापको अनुभव आदान-प्रदान एवम शिक्षकहरुको शैक्षिक वातावरण पूनारताजगीका निम्ति अन्तर विद्यालय शिक्षण कार्यक्रम, अतिथि शिक्षण कार्यक्रम जस्ता कार्यलाई अवलम्वन गरिनेछ।
- असल अभ्यास शिक्षण सिकाइ आदान प्रदान कार्यक्रमहरु सञ्चालन गर्न शैक्षिक भ्रमण एवम अवलोकन कार्यक्रमहरुको व्यवस्था मिलाइनेछ।
- सामुदायिक विद्यालयको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ । यस अन्तर्गत शौचालय निर्माण र स्तरउन्नति निःशुल्क सेनेटरी प्याड र प्याड डिस्पोजल मसिन, स्वच्छ पिउने पानीको प्रबन्ध, फुलबारी तथा पार्क व्यवस्थापन जस्ता क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार सम्वन्धि व्यवस्था तथा विशेषज्ञ सहितको स्वास्थ शिविरहरु सञ्चालन गरिनेछन । यसवाट सम्पूर्ण विद्यार्थीहरु लाभान्वित हुनेछन।
- पूर्व बाल विकास केन्द्रहरुमा आधुनिक मोन्टेसरीको रुपमा विकास गर्न खेलमैत्री, सिकाइमैत्री, वालमैत्री कार्यक्रमहरुको व्यवस्या मिलाइनेछ ।
- सामुदायमा आधारित स्वयंसेवक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- विद्यालयहरुको दरबन्दी मिलान सम्बन्धमा कार्यविधी अनुरुप सवै विद्यालयहरुमा शिक्षक-विद्यार्थी अनुपातलाई तादाम्यता मिलाउने कार्य गरिनेछ ।
- नगरको शैक्षिक गतिविधीहरुबाट शिक्षण सिकाइ क्रियाकलापहरुको एकिकृत मुल्याङ्कन गर्न तथा आवश्यक व्यवस्थापकीय सुधारकोलागि पृष्ठपोषण प्राप्त गर्न नगरपालिकाका सवै विद्यालयहरुको गरस्तरीय परीक्षा गर्ने सञ्चालन गरी प्राप्त उपलब्धीको लेखाजोखा गर्ने प्रणाली अवलम्वन गरिने छ। यसैको आधारमा नतिजामा आधारित प्रोत्साहन कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना गरी प्रत्येक वडामा अनौपचारिक शिक्षा पूर्ण साक्षरता लगायत गृह शिक्षा वातावरण तयार गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- विद्यालयमा विज्ञान प्रयोगशाला E-Library. Computer lab व्यवस्थापनमा जोड दिइनेछ ।

- शैक्षिक क्रियाकलापलाई विद्यार्थीहरुको रुची, चाहना एवम आवश्यकता बमोजिम वनाउनका निम्ति प्रयोगमैत्री शिक्षा व्यवसायिक शिक्षा Book Free Friday, Audio-visual learning method जस्ता नवीन मान्यताहरुलाई आत्मसात गर्दै प्रोत्साहन गर्ने कार्यक्रमहरु सन्चालन गरिनेछन ।
- नगरभित्र सञ्चालित समुदायिक तथा निजी विद्यालयहरुमालाई व्यवस्थित गरि सञ्चालन गर्ने नीति लिनेछ। अनुमती नलिइ सञ्चालन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- विद्यालय शिक्षाको गुणस्तरसुधार गर्न सम्बद्ध विज्ञहरुवाट अध्ययन अनुसन्धान गरी नगर शिक्षा सुधार गुरुयोजना तर्जुमा गरिनेछ ।

## ५. खेलकुदतथा अतिरिक्त कृयाकलाप नीति

- नगरपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी परिचालन गरिनेछ ।
- नगरपालिका भित्र रहेको खुला, सार्वजनिक पर्ती तथा नदी उकास, आसपासका क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा खेलकुद मैदान, बालउद्यान, फुटवल जस्ता पूर्वाधारको निर्माण एवम संचालनमा सार्वजनिक नीति साझेदारीमा व्यवस्थापन गर्ने नीति लिएनेछ ।
- नगरपालिका भित्र रहेको खुला, सार्वजनिक क्षेत्रहरुमा योग साधान व्यामका अतिरिक्त शरीरिक तथा मानसिक अवस्था स्वास्थ्य राख्न बहुआयामिक क्रियाकलापहरु र जिम जिम खाना संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- नगरपालिका भित्रका विद्यालयहरु बीच खडक नगर कप खेलकुद, शिक्षा कला, साहित्य, संस्कृति लगायत अतिरिक्त कृयाकलाप प्रतियोगिता आयोजना गरिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई थप व्यवस्थित, प्रतिस्पर्धी र मर्यादित बनाउँदै सो कार्यक्रमको लागि निरन्नतरता दिइनेछ र नगरभित्रका विद्यालयलाई सहभागिताको आधारमा आर्थिक सहयोग गरिनेछ ।
- जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजनाको लागि सहकार्य गरिनेछ ।

## ६. पूर्वाधार विकास नीति

- नगरपालिका क्षेत्रभित्र अत्यावश्यक सडकहरुको लागि नगरपालिका यातायात गुरुयोजना (MTMP) निर्माण गरी विस्तृत योजना प्रतिवेदन तयार गरी लागु गरिनेछ ।
- नगरपालिकाबाट निर्माण गरिने सार्वजनिक पूर्वाधारहरुलाई यथासम्भव फरक क्षमता भएका व्यक्ति मैत्री, बालमैत्री, जेष्ठनागरिक मैत्री बनाईने छ ।
- नगरपालिका क्षेत्रभित्र आवश्यक पर्ने खानेपानी, पर्यटन, यातायात, खेलकद लगायतका क्षेत्रहरु सार्वजनिक (निजी साझेदारी (PPP) अवधारणका आधारमा उपयुक्त कार्यक्रमहरु संचालन गरिनेछ ।
- आफ्नो कार्यालय भवन नभएको वडाको अनिवार्य रुपमा कार्यालय भवन निर्माण गर्ने व्यपस्था मिलाइनेछ ।
- नगरविकास कोष लगायत अन्य संघ संस्थासंगको समन्वयमा आन्तरिक आय बढाउने पूर्वाधार निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

## ७. यूवा तथा रोजगार

- युवाहरु रोजगारीको सिलसिलामा विदेश जाने क्रमलाई निरुत्साहित गर्न विभिन्न उपयुक्त सिपमुलक तालिमहरु उपलब्ध (नगरको शिप नगरमैं लगानी) गराई नगरमै स्वरोजगार सिर्जना गरी एक घर एक रोजगार अभियान लाई सफल पार्न पहल गरिनेछ ।
- शैक्षिक जनशक्तिलाई रोजगार उन्मुख गराउन तथा प्रतिस्पर्धात्मक बनाउनका निम्ति लोकसेवा आयोग, शिक्षा सेवा आयोग जस्ता तयारी कक्षाहरु सञ्चालन गरिनेछ।
- 
- युवाहरुलाई लक्षित गरी स्वःरोजगार, आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउन युवा उद्यमी प्रोत्साहन कार्यक्रमहरु सञ्चाल गरिनेछ ।
- नेपाल सरकारको सहयोगमा संचालित मेडपा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

<u>८. सामाजिक विकास नीतिः-</u>

- यस नगरपालिका क्षेत्र भित्र प्रत्येक नगरवासीको पहुँच पुग्ने गरी घुम्ती स्वास्थ्य शिविर, मधुमेह, उच्च रक्तचाप, थाइराइड, मृगौला, क्यान्सर, मुटु रोग, आङ खस्ने समस्या जस्ता रोगको निःशुल्क स्वास्थ्य परिक्षण शिविर, एम्बुलेन्स सेवा, लगायत का सेवा सुविधालाई सहज र सफल उपयोग गर्न सक्ने वातावरण बनाउन आवश्यकता अनुसार निजि तथा संस्थागत साझेदारी सहभागिता समेतलाई अवलम्वन गरी प्रभावकारी ढंगले योजना बनाइने छ ।
- लक्षित वर्गको क्षमता अभिबृद्धि गरी आत्मनिर्भर बनाउन चेतनामुलक, सीपमुलक, आयमुलक तालिमहरुको व्यवस्थापन गरी रोजगारका अवसरहरुको पहिचान सहित उपयुक्त अवसर उपलब्ध गराउने छ ।
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पति तथा अन्य सार्वजनिक सम्पादहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिका भित्र परम्परागत रुपमा संचालन हुने मेला,यात्रा पर्व, भजन आदि जस्ता धार्मिक परम्परा संरक्षण गर्दै त्यस्ता पर्वहरुलाई व्यवस्थित सुसज्ति गरी सांस्कृतिक, पर्यटन विकासको रुपमा स्थापित गरिदै लगिनेछ ।
- नगरपालिका क्षेत्रमा रहेका सम्पदा, मठ, मन्दिर, गुम्बा, मस्जिद, सत्तल, पाटि,पौवा तथा सामाजिक क्षेत्रका पूर्वाधार निर्माण तथा मर्मतसंभारको लागि समन्वयात्मक पहल गरिने छ ।

<u>८. सहकारी सम्बन्धी नीति</u>

- सहकारीको माध्यमबाट गरिव विपन्न वर्गका सदस्यहरुको संलग्नतामा संचालन हुने उत्पादन र लगानीमा आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र नगरपालिका विच साझेदारी कार्यक्रम संचालन गरिनेछ ।
- सहकारी क्षेत्रको क्षमता अभिवृद्धिको लागि सहकारी शिक्षा नेतृत्व विकास, वजार व्यवस्थापन, ऋण तथा वचत सम्बन्धी र व्यवस्थापन तालिम समन्वयात्मक रुपमा संचालन गरिनेछ ।
- दर्ता भएका तर कम्तिमा तीन आ.व. सम्म साधारण सभा नगरि निष्क्रिय रहेका सहकारी संस्थाहरुलाई खारेजीको प्रक्रियामा लगिनेछ भने एउटै प्रकृतिका सहकारी तथा सदस्य दोहोरिएका सहकारी संस्थाहरुलाई सहकारीको मर्म अनुरुप एकिकरणको प्रक्रियामा लगिनेछ ।

९. वन वातावरण र फोहोरमैला तथा विपद् व्यवस्थापन सम्वन्धी नीति

- नगरपालिकाबाट पारित विपद् व्यवस्थापन ऐन तथा कार्यविधिको अधिनमा रही वडा स्तरीय विपद् व्यवस्थापन समितिको निर्माणबाट वडा कार्यालयले नै साना तिना विपद् सम्वोधन गर्ने नीतिगत व्यवस्थाको कार्यान्वयन गरिनेछ ।
- सडकको क्षेत्राधिकार भित्र सडक निर्माण गर्न अवरोध गर्नेलाई नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाबाट बन्चित गर्ने नीति लिइनेछ ।
- नगरपालिकाबाट निस्कने फोहोर विर्सजनका लागि जमिनको आवश्यक व्यवस्थापन गरी ट्रेन्च निर्माण भएकोले व्यवस्थापन नहुँदा सम्म अन्य स्थानीय निकायसँग समन्वय र सहकार्य गरी फोहोर व्यवस्थापन गरिनेछ ।
- सडक, बाटोको दायाँवायाँ दुवै तर्फ, खोलाका किनार, पैनीको किनारमा वृक्षारेपन गर्ने नीति लिईनेछ ।
- नगरको सरसफाइलाई प्राथमिक्ताका साथ कार्यान्वय गरीनेछ र आधुनिक सरसफाई औजार र मेसिनको खरिद गरी सरसफाईलाई व्यवस्थित गरिनेछ । चालु आ.व.मा सरसफाई कार्यका लागि थप मेसिनरी साधानहरुमा व्यवस्था मिलाइनेछ ।
- संघ र प्रदेश सरकार संगको सहकार्य समन्वयमा फोहर प्रशोधन केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।
- नदि कटान तथा बाढिबाट हुन सक्ने जनधनको क्षति तथा न्यूनिकरणका लागि आवश्यक वातावरणीय दृष्टिकोनले दिगो पूर्वाधारहरुको निर्माण गरी क्षति न्यूनिकरण तथा व्यवस्थापन गरिनेछ ।
- दमकल नपुग्ने स्थानमा Fire extinguisher को व्यवस्था मिलाईनेछ।
- विद्यालयहरुमा समेत Fire extinguisher जडान गरिनेछ ।
- कुहिने तथा नकुहिने फोहोर श्रोतमा नै छुट्याउन लगाई फोहोरबाट जैविक मल उत्पादन लगायत वातावरण मैत्री क्रियाकलापहरुमा जोड दिइनेछ ।

१०. भूमि व्यवस्थापन तथा भवन नियमन नीतिः–

- नगरपालिका क्षेत्रभित्रका घरहरुको क्रमश Block NO. तयार गरी आधुनिक प्रणालीमा अभिलेखीकरण गर्दै आवद्ध गरिनेछ । जग्गा वर्गीकरण गरिनेछ ।
- सार्वजनिक जग्गा ओगटेर निर्माण गरिएका अनाधिकृत संरचनाहरु क्रमशः हटाइँदै लगिनेछ ।
- नगर भित्र ऐलानी, अव्यवस्थित, भुमिहिन सुकुम्बासी र दलितहरुलाई राष्ट्रिय भुमि आयोग संग समन्वय गरि लालपूर्जा वितरण कार्यको निरन्तरता दिइनेछ ।
- स्थानिय सरकार संचालन ऐन कानून वमोजिम मालपोत इकाई नगरमा स्थापना गर्न पहल गरिनेछ ।

११. न्याय कानुन तथा मानव अधिकार तथा सुशासन प्रवर्धन नीति

- सामाजिक सदभाव, विपद् व्यवस्थापन लगायत शान्ति सुरक्षाको सम्बन्धित निकाय संगको विगत देखिको समन्वय, सहकार्य लाई अझ बढी प्रगाढ र फलदायी बनाउदै लगिनेछ ।
- नगरपालिकालाई आवश्यक पर्ने ऐन, कानुन, नियम,कार्यविधि र निर्देशिका बनाई विधिको शासनलाई पूर्णरुपमा पालना गरिनेछ ।

- सुचना प्रणाली व्यवस्थित गराउदै लानुको साथै नगरपालिकाको विद्युतिय पाश्र्वचित्र (Digital Profile) तयार गरी सो को आधारमा योजना प्रक्रिया सञ्चालन गरिनेछ ।

**१२. योजना अनुगमन तथा तथ्याङ्क नीतिः**

- नगरपालिकाबाट संचालन गरिने योजना तथा कार्यक्रहरु लाई गुणस्तरीय रुपमा छिटो छरितो रुपमा सम्पन्न गर्नको लागि प्रत्येक आ.व. को वैशाख मसान्त भित्र कार्यदिश सम्झौता हुने नितिलाई निरन्तरता दिदैं आषाढ १० सम्म सम्पन्न गरी सो को भुक्तानी फरक फरक गरी सक्नु पर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र संचालन हुने योजनाको विवरण नगरपालिकाको वेभसाइट वा विद्युतीय माध्यम मार्फत सार्वजनिक गरिनेछ ।
- स-साना योजनालाई एकीकृत गरी समयमै सम्पन्न हुन सक्ने उपलब्धी मूलक योजनालाई प्राथमिकताका आधारमा क्रमश संचालन गर्ने नीति लिइनेछ ।
- साविकमा रहेको बक्यौता बेरुजु एंव पेश्की र्फछयौट गर्ने कार्यलाई याजना सहित फछयौट एंव असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाइने छ ।
- नगरपालिकालाई समष्टीगत चित्रण गर्न सक्ने गरी भौगोलिक, आर्थिक, जनसाङ्ख्यिक, वातावरणीय पूर्वाधार, शैक्षिक जस्ता पक्षहरुलाई समेटी तथ्याङ्क संकलन एवम् अध्यावधिक गरिनेछ ।

**१३. राजश्व तथा आर्थिक प्रशासन नीति**

- नगरपालिकाको क्षेत्रभित्र रहेको आन्तरिक आयका श्रोतहरुको सुक्ष्म रुपमा पहिचान र उचित व्यवस्थापन गरी नगरपालिकाको आन्तरिक श्रोत बृद्धि गर्दै लैजाने नीति अबलम्बन गरिनेछ ।
- आन्तरिक श्रोत तर्फ कर, शुल्क, महशुल, जरिवाना आदि असुलीलाई प्रभावकारी बनाई नगरपालिका विकासको गतिलाई थप योगदान दिनको लागि राजश्व असुलीको योजनालाई नियन्तरता दिइने छ ।
- व्यवसाय कर, घर बहाल कर तथा अन्य कर र करकाश्रोतहरुको लगत अद्यावधिक गर्दै लगिने छ र साथै दोहोरो कर निरुत्साहन गर्दै नगरपालिकाभित्र दर्ता गरिएका व्यवसायहरुलाई पनि बौकिंङ्ग कर्जाको व्यवस्था गर्न पहल गरिनेछ ।
- नगरपालिकामा रहेको निर्माणका मेशिन, औजारहरु अधिकतम उपयोगबाट आय श्रोत बढाइनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालनमा रहेको उद्योग, व्यवसायहरुलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी बनाउदै विशोष अभियान संचालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।

**१४. सुशासन नीतिः**

- नगरपालिकाको समग्र वस्तुस्थिति, जनसंख्या, भुगोल विकास निर्माणको कार्यहरुलाई समेटी अध्यावधिक गर्न Digital Profile तयार गरिनेछ।
- नगरपालिका क्षेत्रमा हुने र भएका क्रियाकलाप लगायत अन्य गतिविधिको नगरवासीहरुलाई सुसुचित हुने अवसर दिनको लागि सुचनालाई प्रभावकारी बनाउन नगरपालिकामा बिद्युतीय माध्यमवाट सार्वजनिक गरिनेछ ।

- नगरपालिकाबाट दिइने सेवाहरुको सुचना एवम जानकारीहरु सार्वजनिक गराउने विवरणहरु तथ्याङक, सुचना, कर, नीति योजना तथा कार्यक्रम लगायताका विषयहरुमा विद्युतीय प्रणाली मार्फत संचालन गर्ने व्यवस्था गरिनेछ ।
- न्यायिक समिति मार्फत मिलापत्र केन्द्र, न्याय सम्पादन तर्फ सामाजिक सचेतना, सामाजिक सदाव कार्यका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**१५. स्वास्थ्य सेवा सम्वन्धि नीति**

- नगरवासीको स्वास्थ्य सुरक्षार्थ नेपाल सरकार र प्रदेश सरकारसँग गुणस्तरिय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधि एवम उपकरण र दक्ष स्वास्थ्यकर्मीकोसेवा विस्तार गर्न लागत साझेदारी र सहकार्यलाई उच्च प्राथमिकता दिई कार्य गर्ने नीति लिइनेछ ।
- वडा स्थित स्वास्थ्य संस्थाहरु पूर्ण क्षमतामा संचालन तथा व्यवस्थापन गर्न आवश्यक नीति लगिनेछ ।
- नगरपालिकाबासीहरु अस्वस्थ भई रगत आवश्यक पर्ने भएमा रेडक्रस संग सहकार्य तथा सोधभर्नामा आधारित निशुल्क रगत उपलब्ध हुने प्रवन्ध मिलाईनेछ ।
- निःशुल्क आधारभुत स्वास्थ्य सेवमा आम नगरवासीको सुलभ र सहज पहुचका लागि एम.वि.वि.एस. डाक्टर, प्याथोलाजि ल्याव र एक्स-रे सहित स्वास्थ्य परिक्षणको सेवालाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।
- महामारी जस्ता परिस्थिति नियन्त्रण भन्दा बाहिर गएको अवस्थामा समेत नगरवासीको सुरक्षार्थ विशेष रणनीति निर्माण गरिनेछ ।
- नगरपालिकामा रहेको स्थानिय जडिबुटीको पहिचान, संरक्षण, उपयोग गरी परम्परा र आयुर्वेद उपचार पद्धतिलाई प्रबर्धन गरी जनस्वस्थ्य सेवा अभिवृदि गरिनेछ ।
- नगरका सबै स्वास्थ्य संस्थाहरुलाई परिचालन गरी वृद्ध, असहाय एवम् जेष्ठ नागरिकहरुका निम्ति घर मै गई नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरका सम्पूर्ण वासीहरु लाभान्वित हुनेगरी विशेषज्ञ डाक्टर सहीतको स्वास्थ्य शिविरहरुको आयोजना गरिनेछ ।
- नगर क्षेत्र भित्र रही सञ्चालनमा रहेका Lab हरु बाट सहुलियत दरमा स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराईनेछ ।
- स्वास्थ्य सेवालाई छिटो, छरितो व्यवस्थित गर्नका साथै गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार गर्न विशेषज्ञ, दक्ष स्वास्थ्यकर्मी, डाक्टरुहरुको व्यवस्था मिलाईनेछ ।
- निःशुल्क एवम् पर्याप्त मात्रामा औषधी व्यवस्था गरी नागरिकको पहुँच स्थापित हुने व्यवस्था मिलाईनेछ।

**१६. पर्यटन प्रवद्र्धन नीति**

- नगर क्षेत्रका सम्पूर्ण धार्मिक र अन्य पर्यटकीय स्थलहरुको संरक्षण सम्बन्द्र्धन गरिदै लगिनेछ।
- हेमस्टे व्यवसायको लागि प्रवद्र्धनात्मक कार्यक्रम मार्फत होमस्टे संचालनलाई प्रोत्साहन गरिनेछ ।
- संघ र प्रदेश सरकार सँग समन्वय गरि अन्य पर्यटन प्रवद्र्धन, प्रयटन विकास, चुरे स्थित रहेको पर्यटकिय क्षेत्रको विकास संरक्षण सम्वद्र्धन गरी प्रर्यटन व्यवसायको पनि विकास गरिनेछ ।

अन्त्यमा, माथि उल्लिखित आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमका अलवा अघिल्लो वर्षको नीति तथा कार्यक्रममा उल्लेख गरिएका महत्वपूर्ण नीति तथा कार्यक्रमलाई गन्तव्य सम्म पुर्याइनेछ भन्दै नीति तथा कार्यक्रमलाई ध्यान दिई मनन गरिदिनु हुने नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य ज्यू, सभाहलमा उपस्थित कर्मचारी तथा सम्पूर्ण महानुभाव नगरवासी सवैमा हार्दिक धन्यवाद, आभार व्यक्त गर्दछु।

धन्यवाद, जय खडक नगर ।

जय प्रकाश चौधरी

नगर प्रमुख

खडक नगरपालिका, ससरी

मितिः २०८१।०३।०८ गते

## <u>सभामा पेश भएको वजेट विवरण</u>

यस खडक नगरपालिकामा आगामी आ.व. २०८१।८२ को लागि आय निर्धारण गर्दा कुल आन्तरिक आय(अल्या समेत) गरी रु.९ करोड र जनसहभागिता रु. १ करोड गरी जम्मा रु. १० करोड  अनुमान गरिएको छ। त्यसै गरी नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानबाट १३ करोड ३३ लाख , सर्शत अनुदानबाट रु. ३३ करोड २६ लाख, राजश्व बाँडफाँडबाट १३ करोड ९५ लाख संघीय विशेष अनुदान ६ करोड ८० लाख, सामाजिक सुरक्षा तर्फ रु. २४ करोड ५० लाख, प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु.९७ लाख ५३ हजार, प्रदेश सशर्त अनुदान तर्फ ९५ लाख, प्रदेश सम्पुरक २० लाख प्रदेश विशेष ३० लाख गरी कुल जम्मा **<u>रु.१ अर्व ४ करोड २६ लाख ५३ हजार</u>** रहेको छ ।

जसमध्ये चालु तर्फ न.पा. प्रशासनिक खर्च रु.१० करोड ९४ लाख, शाखाहरु तर्फ ६ करोड ४६ लाख २५ हजार, सामाजिक सुरक्षा तर्फ रु. २४ करोड ५० लाख, सशर्त तर्फ रु.२० करोड ४३ लाख गरी जम्मा रु.६२ करोड ३३ लाख २५ हजार र पुँजिगत खर्च तर्फ संघीय (सशर्त र विशेष) अनुदानवाट रु.१२ करोड ८३ लाख, प्रदेश (सशर्त, विशेष र सम्पुरक) अनुदानवाट रु.१ करोड ४५ लाख, न.पा.वाट रु. २७ करोड ६५ लाख २८ हजार गरी जम्मा पुञ्जिगत तर्फ जम्मा रु. ४१ करोड ९३ लाख २८ हजार रहेको छ ।जस मध्ये नगरपालिका विषयगत शाखा र नगरपालिकामा रु. ३८ करोड ४५ लाख ५३ हजार वडाहरुमा ८ करोड ५ लाख विनियोजन प्रस्ताव गरिएको छ।